समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, १ नं. प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०७९/१०/११ बैठक संख्या: १८

बैठक प्रारम्भ समय: विहानको ७:०० बजे बैठक समापन समय: बजे

**आजको नगरकार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ ।**

**निर्णयहरु**

१. मिति २०७९ माघ १८ गते खाँदबारी नगरपालिकाको बार्षिकोत्सब (स्थापना दिवस) को कार्यक्रमलाई मितव्ययी तर उल्लासमय तरिकाले मनाउने, जसका लागि माघ १७ र १८ गते नगर कार्यपालिका कार्यालय, वडा कार्यालय, नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्था तथा अन्य मातहतका निकायहरुमा साँझमा दीपावली गर्ने, नगरको विकास र समृद्दीमा महत्वपूर्ण योगदान दिने ख्याति प्राप्त लब्धप्रतिष्ठित व्यक्तीहरु तथा उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई विभूषण ऐन, २०७६ बमोजिम आवश्यक संख्यामा मान, पदवी, विभूषण तथा सम्मान प्रदान गर्ने र माघ १८ गते नगरपालिकाको सभाहलमा एक औपचारिक कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

२. खाँदबारी नगरपालिकाको बालुवा प्रशोधन तथा नदीजन्य सामग्री व्यवस्थापन कार्यविधि, २०७९ बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट गौरवका आयोजना तथा पहिलो प्राथमिकता प्राप्त भनी निर्धारण भएका आयोजनाहरुका लागि अस्थायी क्रसर उद्योग राख्न अनुमती दिंदा आयोजनाका लागि लाग्ने आवश्यक निर्माण सामग्रीको परिमाणको आधारमा प्रति घन फिट प्रदेश सरकारले नदीजन्य सामग्रीको लागि निर्धारण गरेबमोजिमको दररेट लिई अस्थायी क्रसर राख्ने अनुमति दिने निर्णय गरियो ।

३. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) का सूचकहरुलाई अधिक रुपमा पुरा गरी नगरपालिकालाई मुलुक कै उत्कृष्ट बनाउन तथा नगरपालिकाका लागि आवश्यक निम्न कार्यलाई नगरसभाबाट बजेट व्यवस्थापन भएबमोजिम भएका कार्यलाई अगाडि बढाउने निर्णय गरियो ।

निम्न:

क. सेवाको मापदण्ड तयार गर्ने कार्य ।

ख. विपद जोखिम क्षेत्र पहिचान तथा नक्साङ्कन गर्ने कार्य ।

ग. नगर स्तरीय भू-उपयोग योजना तयारी गर्ने कार्य ।

घ. दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्ने कार्य ।

४. यस नगरपालिकामा रहेका निर्माणसंग सम्बन्धित ठेकेदार र मजदुरहरु तथा नगरपालिकाबीचको सम्बन्ध सुमधुर बनाउन, नगरक्षेत्रमा निर्माण हुने निजी तथा सार्वजनिक संरचनाहरुलाई बलियो र दिगो बनाउनका लागि एक कार्यविधि बनाई आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४, नियम ३ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

ध्रुवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, १ नं. प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०७९/१०/११ बैठक संख्या: १८

बैठक प्रारम्भ समय: विहानको ७:०० बजे बैठक समापन समय: बजे

५. यस नगरपालिकाको वडा नं. ५ मा रहेको पुरानो गा. वि. स. भवन जीर्ण भएको उक्त स्थानमा अर्को भवन समेत निर्माण गर्नुपर्ने भएकोले उक्त पुरानो जीर्ण भवन भत्काउन अनुमति दिने निर्णय गरियो ।

६. खाँदबारी नगरपालिकाको विभूषण सिफारिस समितिले गरेको सिफारिसको आधारमा आगामी माघ १८ यस नगरपालिकाको स्थापना दिवसको अवसरमा खाँदबारी नगरपालिका र अमेरिकाको टाउन अफ सुपेरियर, कोलोराडोबीच भगिनी सम्बन्ध स्थापना गराई यस नगरपालिकालाई अन्तर्राष्ट्रियस्तरसम्म चिनाउनको लागि अमूल्य योगदान दिनुहुने सुपेरियर-खाँदबारी सिस्टर सिटीका अध्यक्ष श्री नारायण श्रेष्ठलाई खाँदबारी तारा सम्मान पदक प्रदान गर्ने साथै खाँदबारी नगरकार्यपालिका कार्यालयमा कार्यरत खरिदार श्री भोजराज चौलागाईंलाई खाँदबारी सेवाश्री सम्मानपदक प्रदान गर्ने निर्णय गरियो ।

**आगामी बैठक आवश्यकतानुसार बस्ने गरी आजको बैठक अन्त्य गरियो ।**

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत